# जुनीचाँदे गाउँपालिकाको बैंक खातामा छोरी सुरक्षा जीवन भरी कार्यक्रम सञ्चालन कार्यविधि

प्रस्तावनाः जुनीचाँदे गाउँपालिकाले संवत् २०७६ साल श्रावण १ गते वा सो मिति पछि जन्मिएका जुनीचाँदे गाउँपालिकाका छोरीहरु आर्थिक सामाजिक सुरक्षाको लागि जुनीचाँदे गाउँपालिका भित्र बैंक खातामा छोरीको, सुरक्षा जीवन भरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि कार्यविधि आवश्यक भएकोले जुनीचाँदे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जुनीचाँदे गाउँपालिका गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " जुनीचाँदे गाउँपालिकाको बैंक खातामा छोरी सुरक्षा जीवन भरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुबैलाई सम्झनुपर्छ र सो शब्दले धर्मबाबु वा धर्मआमा वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्ति समेतलाई जनाउँदछ ।

(ख) "कार्यक्रम" भन्नाले बैंक खातामा छोरी, सुरक्षा जीवन भरी को कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) "खातावाला" भन्नाले बैंक खातामा छोरी, सुरक्षा जीवन भरी कार्यक्रम अन्तर्गत खाता खोलिएको छोरीलाई सम्झनु पर्छ ।

(घ) गाउँपालिका भन्नाले जुनीचाँदे गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "सम्झौता" भन्नाले गाउँपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौतालाई सम्झनु पर्छ ।

(छ) "संरक्षक" भन्नाले अभिभावक बिहीन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम सञ्चालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनुपर्छ र सो शब्दले व्यक्ति संरक्षक भएकोमा त्यस्ता व्यक्ति समेतलाई जनाउनेछ ।

(ज) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी नेपाल सरकार अन्तर्गतका जुनसुकै शाखा कार्यालय रहेको वाणिज्य बैंक वा गाउँपालिकाले बैंकिङ्ग कारोवार गरिरहेको बैंकलाई सम्झनु पर्छ ।

परिच्छेद-२

## बैंक खातामा छोरी, सुरक्षा जीवन भरी कार्यक्रम

३. **कार्यक्रममा आवद्ध हुनेः** (१) संवत् २०७६ साल श्रावण १ गते वा सो मिति भन्दा पछि जन्मेका छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी आफू बसोबास गरिरहेको गाउँपालिकामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुऱ्याइ कार्यक्रम अन्तर्गत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नम्बर सहितको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(४) संवत् २०७६ साउन १ गते वा सो मितिपछि जन्मिएका छोरीलाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तव्य हुनेछ ।

(५) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा वैकल्पिक स्याहारमा आश्रित रहेका नवजात छोरीलाई कार्यक्रममा आवद्ध गर्नु त्यस्तो संस्थाका प्रमुख वा संरक्षकको कर्तव्य हुनेछ ।

(६) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा छोरी सुरक्षा सँग सम्बन्धित कार्यक्रमको लागि खोलिएको बैंक खातालाई यस कार्यक्रममा प्रयोग गर्न बाधा पुग्ने छैन ।

४. **<u>गाउँपालिकाले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुने:</u>** (१) संवत् २०७६ साउन १ गते वा सो मितिपछि जन्मिएका गाउँपालिका भित्रका छोरीलाई कार्यक्रम अन्तर्गत गाउँपालिकाले निज छोरीको खातामा रु. १००००.०० (एक दश हजार रुपैंया) दरले एकमुष्ट रकम उपलब्ध गराउनेछ ।

(२) यस कार्यविधि बमोजिम खोलिएको बैङ्क खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन् ।

५. **<u>खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था:</u>** (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा गाउँपालिका र सेवा प्रदायक संस्थाबीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ।

६. **<u>खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्था:</u>** (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले पाँच वर्ष पुरा भएको पुरा गरेको प्रमाण सहितको निवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।यस्तो निवेदन प्राप्त भएपछि गाउँपालिकाले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ गाउँपालिकाबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको उमेर पाँच वर्ष पुरा नहुँदै पनि खातामा रहेको रकम भुक्तानीको लागि गाउँपालिकामा निवेदन दिन सक्नेछ । वडा कार्यालयमा बुझ्दा सो व्यहोरा पुष्टी हुन आएमा वडाको सहमती लिई खाताको समयावधि समाप्त हुनु अगावै खातामा रहेको रकम सम्बन्धित खातावालालाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउने छ । यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकलाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

क) खातावाला छोरीको मृत्यु भएमा वा

ख) असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भएमा

ग) अभिभावक वा संरक्षक (व्यक्ति संरक्षक भएको अवस्थामा) को मृत्यु भई आर्थिक कठिनाई भएमा।

(३) उपदफा (२) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुठ्ठा वा किर्ते ठहरिएमा सम्बन्धित गाउँपालिकाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ । यस्तो अवस्थामा खाता खोलिने छैन । खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिने छैन। यसरी झुठ्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम सम्बन्धित खातावालाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट सम्बन्धित गाउँपालिकामा फिर्ता लिई सोही कार्यक्रममा खर्च हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३

## <u>सेवा प्राप्ती सम्बन्धी व्यवस्था</u>

७. **<u>सेवा प्राप्त गर्ने:</u>** (१) गाउँपालिकामा आफ्नै बैंकमा कारोवार गरिरहेको सेवा प्रदायक संस्थासँग अनुसूची -३ मा उल्लिखित विषयहरु समेत समेटिने गरी सम्झैता गरी कार्यक्रम अन्तर्गत खाता सञ्चालनको सेवा प्राप्त गर्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदायक संस्थासँग सेवा प्राप्त गर्न सक्ने अवस्था नभएमा सम्बन्धित गाउँपालिका वा अन्य सेवा प्रदायक संस्थासँग समेत सेवा प्राप्त गर्न सक्नेछ ।

८. **<u>सम्झैता रद्द हुने:</u>** (१) दफा ७ बमोजिम गाउँपालिका मा सेवा प्रदायक संस्थाबीच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछः-

(क) सेवा सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा।

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराइ सम्झौता रद्द गर्न सकिने छ ।

(ग) गाउँपालिकाबाट कार्यक्रम खारेज गरिएमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा कार्यपालिकाबाट निर्णय गरी गाउँपालिकाले कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क) र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।

परिच्छेद-४

## विविध

९. **अभिलेख तथा प्रतिवेदनः** (१) गाउँपालिकाले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभूत अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ । यसरी अद्यावधिक गरेको विवरण प्रत्येक महिना गाउँपालिकाको वेवसाइट र सूचना पार्टीमा समेत प्रकाशित गरिनेछ ।

(२) वडा कार्यालयबाट प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध छोरीको गाउँपालिका भरको एकिकृत अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

१०. **अनुगभन, मुल्याङ्कन तथा निर्देशनः** (१) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्बन्धित वडाले र समग्र रुपमा गाउँ कार्यपालिकाको कार्यालयले समेत गर्न सक्नेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

११. **कार्यक्रमको खर्च व्यवस्थापनः** (१) कार्यक्रमको सञ्चालन गाउँपालिकाले आफैले गर्नेछ।

१२. **लेखा परीक्षणः** यस कार्यक्रमको लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

१३. **बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ कार्यक्रम सुचारु गर्न सक्नेछ ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा गाउँ कार्यपालिका बाट संशोधन हुनेछ ।

**अनुसूची-१**

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**आवद्धताका लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा**

| छोरीको फोटो | अभिभावक वा संरक्षको फोटो |
|---|---|

मितिः.................................

*श्रीमान, प्रमुख प्रशासकीय अधिकृत ज्यू*

*जुनीचाँदे गाउँ कार्यापालिकाको कार्यालय,*

*मजकोट, जाजरकोट*

*कर्णाली प्रदेश, नेपाल*

**विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा ।**

प्रस्तुत विषयमा जुनीचाँदे गाउँपालिकाको बैंक खातामा छोरी, सुरक्षा जीवन भरी कार्यक्रममा सहभागी हुन मञ्जुर भइ आवद्धताका लागि यो निवेदन गरेको छु ।

**छोरीको नामः**

**जन्म मितिः**

**जन्म दर्ता नम्बर**

**जन्म दर्ता मितिः**

**बाबुको नामः**

**आमाको नामः**

**बाजेको नामः**

**यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।**

१. म छोरीको जीवन सुरक्षा गर्न र विद्यालय भर्ना गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

२. प्रचलित कानूनको अधिनमा रही छोरीको उमेर २० वर्ष पुरा नभएसम्म विवाह गराउने छैन।

३. कार्यक्रमका शर्त, नियम तथा निर्देशन र प्रतिवद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावि गर्ने छैन ।

४. म छोरी बीच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन् ।

५. यो कार्यविधि बमोजिमको अवधि वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्जवल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

६. उपरोक्त शर्तहरु पुरा नभएको अवस्थामा कार्यक्रम अन्तरगत गाउँपालिकाबाट उपलब्ध गराईएको बैंक खाता रोक्का गर्न वा खाता बन्द गरी सो खातामा भएको सम्मूर्ण रकम फिर्ता गर्ने सहमती व्यक्त गर्दछु ।

आवेदनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन् । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>छाप</u>

| दायाँ | बायाँ |
| --- | --- |
| | |

<u>निवेदक</u>

हस्ताक्षरः

नामः

ठेगानाः

मितिः

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरण</u>

१. छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

२. अभिभावक मध्ये एक वा दुबै जनाको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

३. छोरीको पासपोर्ट साइजको फोटो थान-६

४. अभिभावक वा संरक्षको पासपोर्ट साइजको फोटो थान-६

५. वैकल्पिक स्याहारमा रहेको छोरीको हकमा संरक्षण गर्ने संस्थाले संरक्षकत्व ग्रहण गरेको अवस्थामा संरक्षकत्व गरेको प्रमाणको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

६. व्यक्ति संरक्षक भएको अवस्थामा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि।

७. अस्पताल वा स्वास्थ्य केन्द्र वा तालिम प्राप्त सुँडेनीको सेवाबाट प्रसुती भएको भए सम्भव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि।

<u>कार्यालय प्रयोजनका लागी</u>

दर्ता मिति :.................................................. दर्ता नं ..................................................

कार्यक्रममा आवद्ध गराउने निर्णय भएको मितिः ......................................................

प्रमाणित गर्ने अधिकारी हस्ताक्षरः

नामः .........................................

दर्जाः प्रमुख प्रशासकीय अधिकृत

मितिः

**अनुसूची-२**

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>खाता खोल्नको लागि गाउँपालिकाले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा</u>**

जुनीचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मजकोट, जाजरकोट

श्री प्रवन्धक ज्यू
......................
.....................

मितिः.............................

**विषयः खाता खोलिदिने बारे।**

प्रस्तुत विषयमा जुनीचाँदे गाउँपालिकाको बैंक खातामा छोरी, सुरक्षा जीवन भरी कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलि दिनु हुन आवश्यकता कागजात सहित सिफारिस गरी पठाइएको छ। निजहरुको खाता खोली खाता नम्बर सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ।

<u>देहायः</u>

| क्र.सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दस्तखतः
नामः .......................................
पदः प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

सम्बन्धित गाउँपालिकामा सेवा प्रदायक संस्थाबीच हुने सम्झौतामा खुलाउनु पर्ने विषयहरु

१. सम्झौताको अवधिः कार्यविधि बमोजिम रद्द नहुँदासम्म।
२. खाता खोल्दा न्यूनतम मौज्दातः शुन्य मौज्दात।
३. ब्याजदरः नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सिमाभित्र दिन मिल्ने उच्चतम दर।
४. बीमाः कार्यक्रम अन्तर्गत खोलिएको खातामा रहेको बचत रकम कुनै पनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था।
५. थप बोनस वा अन्य कुनै लाभः खातामा मौज्दात रहने रकमको ब्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ।
६. सेवा शुल्कः रकम जम्मा गर्ने । झिक्ने लगायतका अन्तर बैंक सेवा लिदा शुल्क नलाग्ने व्यवस्था।
७. सुरक्षित लगानीः बैंकले नै मुनाफा हुने क्षेत्रमा लगानी गरी खातामा रकम बढाइदिने व्यवस्था।
८. सूचना आदान प्रदान तथा खातामा रकम जम्मा सम्बन्धिः बैंकले खाता खुलेको जानकारी लगायतका सूचना गाउँपालिकालाई समयमै उपलब्ध गराउने र गाउँपालिकाले रकम जन्मा गर्नुपर्ने ।
९. अन्य विषयहरुः

अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>गाउँपालिकामा राख्ने अभिलेखको ढाँचा</u>**

जुनीचाँदे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मजकोट, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | खातावाला छोरीहरुको नाम | जन्म मिति | जन्म दर्ता नं | दर्ता मिति | बाबु र आमाको नाम | अभिभावक वा संरक्षकको नाम | ठेगाना | खाता खोलेको मिति | खाता खोलेकी बैङ्कको नाम | बैंक खाता नम्बर | खाताको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |